म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २६५ २०८१ भदौ १ गते शनिबार 17 August 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## अस्पतालको प्रशासनमा तालाबन्दी

हेटौंडाः हेटौंडा अस्पतालको प्रशासन कार्यकक्षमा तालाबन्दी गरिएको छ। शुक्रबार अस्पतालका पुराना कर्मचारीहरुले मेडिकल सुपरिटेन्डेन्ट श्रीधर अर्याल र प्रशासन प्रमुख गोविन्दप्रसाद पुडासैनीको कार्यकक्षामा तालाबन्दी गरेका हुन्।

अस्पतालले बिहीबार सार्वजनिक गरेको अन्तरवार्ताको नतिजामा असन्तुष्टि जनाउँदै पुराना कर्मचारीहरुको एक टोलीले दुईवटा कार्यकक्षामा तालाबन्दी गरेको अस्पतालले जनाएको छ। आफूले गरेको माग सम्बोधन नभएमा पुराना कर्मचारीहरु आन्दोलनमा समेत उत्रिने भएका छन्।

### आन्दोलनरत व्यवसायी र हेटौंडा उपमहानगरबीच सहमति

# व्यवसायीका सबै माग पूरा गर्न उपमहानगर तयार

सुरेश श्रेष्ठ

हेटौंडाः आन्दोलनरत व्यवसायीको माग पूरा गर्न हेटौंडा उपमहानगरपालिका सहमत भएको छ। शुक्रबार नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँसहित उपमहानगरका अधिकारी र व्यवसायीबीच भएको वार्तामा व्यवसायीका सबै माग पूरा गर्न उपमहानगरपालिका तयार भएको हो। शुक्रबार दिनको ४ बजेबाट हेटौंडा उपमहानगरपालिकामै भएको वार्ता साँझ साढे ८ बजे आन्दोलनरत व्यवसायी र हेटौंडा उपमहानगरपालिकाबीच ८ बुँदे सहमति भएसँगै आन्दोलनका सबै कार्यक्रम स्थगित गर्न व्यवसायी सहमत भएका छन्।



सहमति सामूहिक तस्वीर खिचाउँदै हेटौंडा उपमहानगरपालिकाका पदाधिकारी र व्यवसायी।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि वृद्धि गरेको राजश्वको दर खारेज गरी गत आर्थिक वर्षकै राजश्व दर कायम गर्न सहमत भएको छ। व्यवसायीको मागको सम्बोधन गर्न आवश्यक प्रस्ताव तयार गरी नगरसभामा पेश गर्न हेटौंडा उपमहानगर सहमत भएको छ। व्यवसायीको मागअनुसार विज्ञापन कर कार्यान्वयनका लागि मकवानपुर उद्योग वाणिज्य संघसहितको सहभागितामा अध्ययन समिति गठन गरी नगरपालिका समक्ष पेश गर्ने निर्णय भएको छ।

उपमहानगरले विकास निर्माणको कार्यहरु गर्ने, गराउने सन्दर्भमा निर्माण व्यवसायी संघसँग समन्वय गरी निर्माणको प्रकृति समेतका आधारमा थ्रेसहोल्ड कायम गरी लैजान नगरपालिका समक्ष पेश गर्ने सहमति भएको छ। हेटौंडाका होटल व्यवसाय मध्यरातसम्म सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने र वर्गीकरणको मापदण्ड तयार पार्ने, निर्माण व्यवसायीले तिरिसकेको भ्याट रकम बक्यौता देखिएको विषयमा आन्तरिक राजश्व कार्यालय, राजश्व विभाग र महालेखा परीक्षकको कार्यालयमा समन्वय गरी यथाशिघ्र समस्या समाधान गर्न उपमहानगर सहमत भएको छ।

बहालकर वर्गीकरण गरी घरधनी स्वयम्ले भुक्तान गर्ने सम्बन्धमा घरधनीहरुको विवरण तयार गरी बहालकरलाई सम्पत्तिकरसँग एकीकृत गर्ने प्रक्रिया प्रारम्भ गर्ने, राजश्व परामर्श समितिमा छलफल हुने विषयसँग सम्बन्धित विज्ञलाई आमन्त्रित गर्ने सहमति भएको छ। व्यवसायीका सबै मागलाई सम्बोधन गरेसँगै व्यवसायीले आन्दोलनका कार्यक्रम स्थगित गर्ने निर्णय भएको छ।

व्यवसायीका जायज मागलाई उपमहानगरले सम्बोधन गर्न बाध्य भएको जानकारी दिनुहुँदै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले धन्यवाद व्यक्त गर्नुभएको छ। आन्दोलनमा सहयोग गर्ने सबैप्रति उहाँले धन्यवाद ज्ञापन गर्नुभएको छ। मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा व्यवसायीको तर्फबाट निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेल, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय उज्वल चौलागाई र राजु अधिकारी, कोषाध्यक्ष सन्तोष अर्याल, राजश्व परामर्श समिति संयोजक प्रदीप अर्याल र होटल एसोसिएसन मकवानपुरका उपाध्यक्ष कल्याण पौडेल सहभागी हुनुहुन्थ्यो।

वार्तामा हेटौंडा उपमहानगर पालिकाको तर्फबाट प्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, प्रवक्ता सविन न्यौपाने, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, कानुनी सल्लाहकार ईश्वरराज ढकाल, विज्ञ सल्लाहकार कृष्ण धिताल, वित्त व्यवस्थापन महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, कानुन शाखा प्रमुख लक्ष्मण मैनाली, राजश्व व्यवस्थापन शाखा प्रमुख मनोज सुवेदी र जगन्नाथ सापकोटाको सहभागिता रहेको थियो।

सहमतिअघि शुक्रबार बिहान व्यवसायीले हेटौंडा उपमहानगर पालिकालाई साँचो हस्तान्तरण गरेको थियो। मध्यान्ह १२ बजेसम्म पसल, व्यवसाय बन्द गरेर व्यवसायीले सांकेतिक साँचो नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई हस्तान्तरण गरेका थिए। गत सोमबारदेखि पहिलो चरणको आन्दोलनअन्तर्गत विविध रचनात्मक विरोधका कार्यक्रम गर्दै व्यवसायीले राजश्व वृद्धिको निर्णयबाट पछि हट्न उपमहानगरपालिकालाई बाध्य बनाएको हो।

हेटौंडा उपमहानगरपालिकाले गत असार ७ गते सम्पन्न गरेको नगरसभाबाट आर्थिक ऐन पारित गर्दै करको दर र दायरामा अस्वभाविक वृद्धि गरेको थियो। नगरप्रमुख लामा र उपप्रमुख बानियाँको गैरजिम्मेवारीपना, आपसी समन्वयको अभावमा राजश्व परामर्श समिति, नगर कार्यपालिका र नगरसभामा समेत कुनै किसिमको छलफल नै नगरी एकाएक राजश्व असुली थालिएपछि नगरवासी, व्यवसायीले राजश्व वृद्धिको विरोध गर्न सुर गरेका थिए। नगरवासी, व्यवसायीको विरोध र आन्दोलन समेत घोषणा भइसक्दा नगरप्रमुख, उपप्रमुखले व्यवसायीको मागलाई गम्भीरताका साथ नलिई बेवास्ता गरिएपछि नगरसभाका बहुमत सदस्यले विशेष नगरसभाको माग गर्दै उपमहानगरमा निवेदन दर्ता गराएका थिए। हेटौंडा उपमहानगरका ९५ जना नगरसभा सदस्य मध्ये ४८ जना सदस्यले बुधबार विशेष नगरसभाको माग गर्दै निवेदन दर्ता गराएका थिए। विशेष नगरसभाको माग भएसँगै उपमहानगरपालिकाले आन्दोलनरत व्यवसायीलाई वार्तामा बोलाएको थियो भने राजनीतिक दलहरुले पनि व्यवसायीका आन्दोलनलाई समर्थन जनाउन सुरु गरेको थियो।

# रेबिजका कारण दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ८ स्थित साततलेमा रेबिजका कारण २ जनाको मृत्यु भएको छ। १० दिनको अन्तरालमा वडाभित्र २ जनाको मृत्यु भएको हो।

मृत्यु हुनेमा ५ वर्षीया रबिना थोकर र ३२ वर्षीय कमल नेगी रहेका छन्। वडा स्वास्थ्य केन्द्रकी वरिष्ठ अनमी रोजी पण्डितका अनुसार दुबै जनालाई बेवारिसे कुकुरले टोकेको थियो। थोकरलाई ६ महिना अघि र नेगीलाई ५ महिना अघि कुकुरले टोकेको अनमी पण्डितले बताउनुभयो।

कुकुरको टोकाइबाट थोकरको साउन १८ गते र नेगीको साउन २८ गते मृत्यु भएको थियो। ५ वर्षीय थोकरलाई रेबिज भएको थाहा भएपश्चात् छतिवन लगिएको थियो। छतिवनबाट थोकरलाई हेटौंडा अस्पतालमा रिफर गरिएको थियो। हेटौंडा अस्पतालबाट थप उपचारका लागि काठमाडौं रिफर गरेर लैजाने क्रममा काठमाडौंको बल्खुमा थोकरको मृत्यु भएको थियो।

यस्तै, नेगीलाई स्थानीयले लक्षण देखेपछि उपचारको लागि आग्रह गर्दा पनि उपचार गर्न नगएको बताइएको छ। नेगीलाई साउन २५ गतेदेखि गाह्रो भएको थियो। रेबिज लागेर स्वास्थ्य अवस्था जटिल भएपछि हेटौंडा अस्पताल ल्याउले क्रममा नेगीको हटियामा मृत्यु भएको थियो। वडामा दुईजनाको मृत्यु भएपश्चात् दुईटा घटना गरी वडाका ६५ जना बासिन्दालाई रेबिजविरुद्धको खोप लगाइएको छ।

गत आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरमा रेबिजका कारण ४ जनाको मृत्यु भएको थियो। जिल्लाको बकैया गाउँपालिकामा एक जना, थाहा नगरपालिकामा २ जना र मकवानपुरगढी गाउँपालिकामा एक जनाको रेबिजका कारण मृत्यु भएको थियो।

वडामा सामुदायिक कुकुरको व्यवस्थापन नगरिएमा थप मानवीय क्षति हुनसक्ने वडा नम्बर ८ का वडा अध्यक्ष इन्द्रमणि तिमल्सिनाले बताउनुभयो। वडा नम्बर ८ मा मात्र सयको संख्यामा सामुदायिक कुकुरहरु रहेका छन्। रेबिजको समस्या हटाउन स्थानीय सरकारबाट हुनसक्ने सबै कुरा पुरा गरिने वडा अध्यक्ष तिमल्सिनाले प्रतिबद्धता जनाउनु भएको छ। बागमती गाउँपालिकाले शुक्रबार रेबिजको लक्षणहरुबारे सूचना जारी गरेको छ।

रेबिजको घटना भएपछि वडाले पीडित पक्षका लागि क्षतिपूर्ति दिन प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयमा कुरा राखेको र मन्त्रालयबाट सम्बोधन हुने आश्वासन आएको तिमल्सिनाले बताउनुभयो। मानिसमा मात्र नभई रेबिज गाई, भैंसी, भेडा, बाख्रा, घोडा, गधा, सुँगुर, बंगुर र बिरालोमा पनि लाग्न सक्छ। रेबिजको लक्षण देखिएपछि गाउँपालिकाले आवश्यकता अनुसार पशुहरुलाई खोप लगाइरहेको गाउँपालिकाका पशु चिकित्सक बिमोचन पौडेलले बताउनुभयो। गाउँपालिकाले यसअघि घरपालुवा कुकुरलाई मात्र खोप लगाउँदै आएको थियो। पौडेलका अनुसार गाउँपालिकालले बेवारिसे कुकुरलाई पनि खोप लगाउने कार्यविधि छलफलमा आइरहेको बताउनुभएको छ।

गाउँपालिकामा धेरै जङ्गल भएका कारण जङ्गली जनावर आउने गरेका छन्। गाउँपालिकाका गाई भैंसीमा स्यालको आक्रमण बढिरहेको कारण चुनौती आइरहेको पौडेलले बताउनुभयो। गाउँपालिकाका कुकुरहरुलाई जङ्गली जनावरले टोक्ने र कुकुरले कुकुरलाई वा मानिसलाई टोकिरहँदा न्यालमार्फत् रेबिज सर्ने गरेको छ।

पशु चिकित्सक पौडेलका अनुसार मानिसको टाउकोतिर कुकुरले टोक्दा मृत्युको जोखिम बढि हुने गरेको छ भने हात खुट्टामा कुकुरले टोक्दा मृत्युको जोखिम कम हुने गरेको छ। रेबिजको औषधी महङ्गो हुने भएकाले आर्थिक स्थिति कम भएका मानिसहरुले बेवास्ता गरिरहेका छन्।

ज्वरो आउने, घाउ भएको स्थानमा दुख्ने, झम्झमाउने, घोचे, पोलेजस्तो हुने, भाइरस मस्तिष्कसम्म पुगेपछि मस्तिष्क तथा स्नायुहरु सुन्निने, प्रभावित व्यक्तिको क्रियाकलापहरु र व्यवहारमा परिर्वतन आउने, पानीदेखि डराउने, हावाको चालबाट तर्सिने रेबिज शरीरमा पसिसकेपछिको लक्षण हुन्। मानिसलाई रेबिज भएको पहिलो अवस्थामा टाउको दुख्ने, ज्वरो आउने, घाँटी, जीउ दुख्ने हुन्छ भने बिरामी साना-तिना कुरामा पनि उत्तेजित हुने गर्दछन्।


यस्तै, दोस्रो अवस्थामा चिडचिडाहट हुने, अँध्यारो सुनसान कोठामा एक्लै बस्न रूचाउने, जोसँग वा जेसुकै गर्दा पनि रिसाउने, पानीसँग खेल्नमात्र नभई पानी हेर्नै डराउने हुन्छ। जसकारण श्वासप्रश्वासमा कठिनाई हुने हुनाले तीर्खा लागे पनि बिरामीले पानी खान सक्दैन। तेस्रो अवस्थामा न्याल चुहाउने, अरूलाई टोक्न खोज्ने, विस्तारै हातगोडा नचल्ने र अन्तिममा मानिसको मृत्यु हने चिकित्सकहरु बताउँछन्।

### कर्मचारी खटाउने विषयमा विवाद

# बकैया गाउँपालिकामा तालाबन्दी

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाको कार्यालयमा उपाध्यक्ष भक्तबहादुर खत्रीको नेतृत्वमा तालाबन्दी गरिएको छ। पालिकाको शाखाको जिम्मेवारी तोक्ने विषयमा अध्यक्ष धर्मराज लामिछाने र उपाध्यक्ष खत्री बीच विवाद भएपछि गाउँपालिका कार्यालयमा तालाबन्दी गरिएको हो।



उपाध्यक्ष खत्रीको नेतृत्वमा भएको तालाबन्दीमा एमाले र माओवादी केन्द्रका जनप्रतिनिधिहरुको ऐक्यवद्धता रहेको छ। गाउँपालिकाको सामाजिक र स्वास्थ्य शाखाको जिम्मेवारीका विषयमा विवाद हुँदा उपाध्यक्ष खत्रीको नेतृत्वमा एमाले र माओवादी केन्द्रका जनप्रतिनिधिहरुले तालाबन्दी गरेका हुन्।

फटिकरमण प्याकुरेल अधिकृत स्तर छैठौंलाई सामाजिक विकास र सोही तहका रमेश फुयाललाई स्वास्थ्य शाखाको जिम्मेवारी तोक्ने गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले निर्णय गर्ने तयारी गरेसँगै उपाध्यक्ष खत्रीले असहमति जनाउनुभएको थियो। उपाध्यक्ष खत्रीले प्याकुरेललाई स्वास्थ्य शाखाको जिम्मेवारीमा नै राख्नु पर्ने माग गर्नुभएको थियो। उक्त विषयमा अध्यक्ष लामिछानेले आफ्नो निर्णयबाट पछि नहट्ने जनाउनु भएसँगै उपाध्यक्ष खत्रीले जे पनि हुन सक्ने चेतावनी दिनुभएको थियो। यसअघि स्वास्थ्य शाखा र सामाजिक विकास शाखाको जिम्मेवारी प्याकुरेलले सम्हाल्दै आउनुभएको थियो।

गाउँपालिका अध्यक्षले एकलौटी रुपमा निर्णय गर्ने प्रवृत्ति बढेको भन्दै विरोध गरिएको उपाध्यक्ष खत्रीले बताउनुभएको छ। अध्यक्षले छलफल र समन्वय नै नगरी कर्मचारीको जिम्मेवारी हेरफेर गर्ने, विवादास्पद निर्णयहरु गरेको उहाँको भनाई छ। यता गाउँपालिका अध्यक्ष लामिछानेका अनुसार अध्यक्षको अधिकार क्षेत्र माथि उपाध्यक्ष खत्रीले हस्तक्षेप गर्न खोजेको बताउनुभयो। नागरिकको सेवा सहजताका लागि समान तहका २ जना कर्मचारीको जिम्मेवारी बाँडफाँड गर्दा उपाध्यक्ष खत्रीले अनावश्यक विवाद सुरु गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार उपाध्यक्ष खत्रीले अध्यक्षको क्षेत्राधिकार माथि अनावश्यक राजनीतिक गरेर हस्तक्षेप गरेको बताउनुभयो। अध्यक्ष लामिछाने नेपाली कांग्रेसबाट निर्वाचित हुनुहुन्छ भने उपाध्यक्ष खत्री नेकपा माओवादीको तर्फबाट निर्वाचित हुनुभएको हो।

### गाईजात्रामा

# बागमती प्रदेशमा सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले गाइजात्राको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको छ। शुक्रबार बसेको बैठकले भदौ ४ गते मनाइने गाईजात्रा पर्वको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको हो।

प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेका अनुसार गाईजात्रा प्रदेशमा मनाइने महत्वपूर्ण पर्व रहेकाले प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० अनुसार सार्वजनिक विदा दिने निर्णय गरेको हो। ऐन अनुसार गाईजात्रा पर्वमा हरेक वर्ष विदा दिने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो।

उक्त निर्णयसँगै बागमती प्रदेशमा भदौ ४ गते गाईजात्राको दिन सार्वजनिक संस्थान, विद्यालय, निजी संघ, संसथाहरु बन्द रहनेछन्।

# बागमती सरकारको प्रवक्तामा मन्त्री लामिछाने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेलाई दिइएको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले लामिछानेलाई प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरेको हो।

सञ्चार विभाग समेत रहेको मन्त्रालयको जिम्मेवारी सम्हालेका लामिछानेलाई प्रवक्ताको जिम्मेवारी दिइएको हो। लामिछाने गत साउन १२ मा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री नियुक्त हुनुभएको थियो। मन्त्रिपरिषद् बैठकले विभिन्न मन्त्रालय अन्तर्गतको अस्थायी दरवन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। बैठकले प्रदेश सरकार मातहतको संरचनाहरुमा रहेका अस्थायी दरवन्दीमा कार्यरत कर्मचारीलाई तलब भत्ता वितरणमा समस्या हुने भएपछि दरवन्दी स्वीकृत गरेको हो।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०




राहुल राउत बराई
हेटौंडा-४ हेटौंडा क्याम्पस




दिपसन अर्याल
कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौंडा-१०





आहाना न्यौपाने
कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२





आरभ राय
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२





यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-५




दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५



सुजल भट्टराई
कक्षा-३, नवोदय शिशु सदन
हेटौंडा-४





विशेष बानिया
कक्षा-१, सनराईज इंग्लिस बोर्डिङ्ग स्कूल
हेटौंडा-१२

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।


**सम्पादक।**

# Tesla's Wireless Electricity




**Saroj Prasad Shah**

Nikola Tesla, one of the most innovative inventors of the 19th and 20th centuries, envisioned a world where electricity could be transmitted wirelessly over long distances. In the late 1890s, Tesla developed the concept of wireless electricity, or "wireless power transfer" (WPT), using resonant inductive coupling. His experiments at the Wardenclyffe Tower in New York, built in 1901, aimed to demonstrate the transmission of electricity across vast distances without the need for wires. Tesla's idea was to harness the Earth's natural electromagnetic fields to create a global wireless power system, allowing energy to be transmitted to homes, factories, and vehicles worldwide.



Tesla's vision was based on his understanding of high-frequency currents and the ionosphere's conductive properties. His work laid the foundation for modern WPT technologies, including those used in wireless charging of devices and potential applications in space-based solar power. Although Tesla's Wardenclyffe Tower was never completed due to financial difficulties and skepticism, his ideas have influenced many modern technologies.



Today, WPT is being actively researched, with technologies like magnetic resonance and microwave power transmission being tested for efficiency. Tesla's pioneering work in this field continues to inspire innovation, as researchers strive to make wireless electricity a practical reality for modern energy needs.

# नाग पञ्चमी



**आराध्या तिमल्सिना**

नाग पञ्चमी हिन्दुहरुको प्रशिद्ध पर्व हो। नाग पञ्चमी श्रावण महिनाको शुक्ल पक्षको पञ्चमी तिथिमा मनाइन्छ।

नाग पञ्चमी पर्व सबै नेपालीले धुमधामले मनाउने गरिन्छ। यस दिन नाग देवताहरुको पूजा आरधना गरिन्छ। यस दिन नागदेवता देवताहरुलाई दुधले स्नान गराईन्छ। नाग पञ्चमीको दिन नाग देवतालाई धारण गर्ने शिव भगवान्को पनि पूजा आरधना ग रिन्छ। यस दिन नाग देवताको दर्शन गर्न पाउनुलाई अत्यन्तै शुभ मानिन्छ।

*कक्षा-४, नवोदय शिशु सदन*
*हेटौंडा-४*

## गाउँखाने

१. आफू भने निर्जीव हो आकार चारपाटो, हिसाब गर्न थाल्यो भने मेसिन भन्दा बाठो।
- क्यालकुलेटर

२. अँधेरीमा हराउँछु, उजेलीमा आउँछु, जता जान्छन् मेरा उनी उतैतिर धाउँछु।
- छायाँ

३. त्यसमाथि हिरालाल तल हेरे चारखुट्टा माथि समथर त्यसैमाथि लेख्ने गर्छौं सधैंभर।
- टेबुल

४. आकाशमा हिँड्ने गर्छ आकाशमै घर, बिहान हुन्छ एकातिर साँझ अन्तै सर।
- सूर्य

५. आगोमा उभिएर तीन भाइ निहुरेका, घाँटीमा एउटै सिक्री सिउरेका।
- ओदान

# सााताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: विषयमा लगानी बढाउनु ठिकै हुनेछ। पारिवारीक दायित्वको जिम्मेवारी बढ्ने छ। सामाजिक र परोपकारी काममा श्रम तथा बुद्धिको उपयोग हुनेछ। मान्यजनको आर्शिवाद प्राप्त होला। अप्ठ्रा परिस्थितिहरु सहज बन्नेछन्। इमानजमानको ख्याल राख्दा राम्रो हुन्छ। पठाइ–लेखाइ ठिकै रहने छ।

**वृष राशि**: समय ठिकै छ। व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ। स्वास्थ्य स्थिति कमजोर रहनेछ। खानपानमा विशेष ध्यान पुर्‍याउँदा राम्रो। जाँगिरमा स्टाफहरुसँग समन्वयको कमी होला। झिनामसिना र साना काममा अल्झिएला। धार्मिक कृत्यमा सरिक भइने समय छ। काममा निरन्तरता दिँदा राम्रो। अध्ययन–अध्यापन ठिकै रहने समय छ।

**मिथुन राशि**: साथीभाइसँग भेटघाट बढ्ला। भावना र इच्छाहरुको ख्याल राख्दा राम्रो रहन्छ। कलात्मक कार्य जस्ता काममा समय बित्ला। मनोरञ्जनका सामाग्रीको बिक्री वितरणमा समय बित्ला। मनोरञ्जनका सामाग्रीको बिक्री वितरणमा समय बित्ला। धार्मिक एवम् सामाजिक काममा मन जाला। पढाइ–लेखाइ मध्यम नै मान्नुपर्दछ।

**कर्कट राशि**: प्रशासनिक काम मुद्धा मामिलामा विजय प्राप्त हुनेछ। बन्द–व्यापारमा समेत रमाइएला। अधिकारका लागि संघर्ष गर्नुपर्ने छ। प्रतिस्पर्धीहरुले अप्ठ्यारोमा पार्ने प्रयास गर्लान्। लगनशीलता बढ्ने समय छ। घरायसी काममा सहयोगी बनिएला। पढाइ–लेखाइ ठिकै छ।

**सिंह राशि**: बौद्धिक कार्यमा प्रतिष्ठा कमाइएला। इच्छाशक्ति बढ्नाले उपलब्धि हाँसिल होला। रचनात्मक कार्यमा जुट्दा राम्रो रहन्छ। प्रतिस्पर्धी माथि विजय प्राप्त होला। अध्ययन–अध्यापन ठिकै होला। सम्झौता वा करारका लागि उपयुक्त समय छ। नयाँ ज्ञान हासिल होला।

**कन्या राशि**: कामधन्दालाई पर सारेर आराम लिने समय छ। आयस्रोत र पदप्रतिष्ठामा वृद्धि हुने समय छ। व्यापार–व्यवसाय मध्यमकारक छ। घरायसी र प्रेमसम्बन्धी कुराले तनाब बढ्ने छ। बाध्यात्मक परिस्थितिले छोड्ने छैन। दामपत्य जीवनमा तालमेल नमिल्ला। पढाइ–लेखाइ ठिकै छ।

**तुला राशि**: घरगृहस्थी र कार्यक्षेत्रका आधारमा सामान्य समय छ। रामरमाइलोमा समय बित्ला। कर्तव्य र दायित्वमा गम्भीर बनिएला। पदीय जिम्मेवारी बढ्ने समय छ। मानसिक रुपले सबल बनिने छ। सामाजिक एवं धार्मिक काममा सरिक बनिने छ। अध्ययन–अध्यापन ठिकै रहने छ। भेटघाटले आनन्द र रामरमाइलो बढ्ला।

**वृश्चिक राशि**: सम्बन्धमा देखिएका कमी कमजोरी हट्नेछन्। सभा र समारोहमा सरिक बनिने समय छ। मान–सम्मान र इज्जत प्रतिष्ठामा वृद्धि हुने समय छ। बोली र व्यवहारमा नम्रता राख्दा राम्रो। व्यापार–व्यवसाय मध्यमकारक छ। अध्ययन–अध्यापन र धार्मिक अनि सामाजिक काममा सरिक भइने छ।

**धनु राशि**: आध्यात्मिक अनुभव बटुल्ने समय छ। अनुशासित ढंगले अगाडि बढ्दा राम्रो रहने छ। हरेक चुनौतीहरुको समाधान हुनेछ। आफूभन्दा ठूलाको आर्शिवाद ग्रहण गर्दा राम्रो रहने छ। व्यापार मध्यमकारक रहला। पारिवारीक सर सहयोग प्राप्त हुने समय छ। पढाइ–लेखाइ मध्यम नै छ।

**मकर राशि**: बजेटलाई सन्तुलनमा राख्ने प्रयास गर्दा राम्रो। सबल र दुर्बल पक्षमा पनि चिन्तन बढ्ला। सोच बिचारले काम गर्दा राम्रो रहला। लेनदेनमा सतर्कता अपनाउँदा राम्रो रहन्छ। दानपुण्यप्रति आकर्षण बढ्ने समय छ। अध्ययन–अध्यापन मध्यमकारक देखिन्छ।

**कुम्भ राशि**: आय बढ्ने र दिगो फाइदाका लागि कामको थालनी हुने समय छ। मिहिनेती लगनशील बनिने समय योग छ। प्रयासले भविष्यमा राम्रो फाइदा होला। पद–प्रतिष्ठाबाट मान सम्मान बढ्ने समय छ। अध्ययन–अध्यापन र व्यापार ठिकै रहला।

**मीन राशि**: आफूभन्दा ठूलाको आर्शीर्वादले सहानुभूति प्राप्त होला। प्रभावित पारेर काम बनाउने समय छ। प्रतिष्ठित काम गरेर मन लोभ्याउन सकिने छ। आफ्नो प्रभुत्व बढ्ने समय छ। व्यापार–व्यवसाय मध्यमकारक छ। धार्मिक एवम् पढाइ–लेखाइका काममा मन जाने समय योग छ। सामाजिक काममा सरिक भइने छ।

# टुक्का



**कृष्ण कुमार वैद्य**

रङ्गमा रमेर होली मनाउनु पर्व विकृत नपार्नु,
रङ्ग भङ्ग हुने हरेक कलुषित आचरण सपार्नु।

झर्दछ पुराना पातहरू पलाउँछ नवीन पालुवा,
रगडेर झर्दछ क्रमश प्रकृति कण कण बालुवा।

उथलपुथल भइरहन्छ भनेकै हो नमर्दासम्म,
सररर चचहुइ गर्दा उछिट्टिए नमान्नु अचम्म।

बाँदरलाई बन्ध्याकरण सिक्न सांसद भारत गए,
वाह ! हाम्रा सांसदहरू बाँदरे चिकित्सक हुने भए।

संरचना बनाउँदा खेरि भूकम्प आउँछ भनी जान,
भूकम्पले भन्दा कमजोर संरचनाले हुन्छ नोक्सान।

न्याय पाउन न्यायालयमै अब ढल्नु पर्ने, जल्नु पर्ने,
यस्तो प्रकारको अन्यायमा कसले पो क्षतिपूर्ति भर्ने ?

संरचना बनाउँदा भूकम्प प्रति सचेत हुँदा राम्रो,
भूकम्प प्रतिरोधात्मक भए जोगिन्छ संरचना हाम्रो।

आलोपालो खान जानेकै छ कसैले सिकाउनु पर्दैन,
खान जन्मेका खाऊ भनेको बेला नखाए पेट भर्दैन।

सिमा मिच्दा चुपचापसँग बसि, राष्ट्रियता भट्याउँछौ,
नेपाल भारतको थियो भनि, ढोँगी कुराले लट्याउँछौ।

पानीमा हुँदा हो माछाको बल बाँचिन्न है पानी बाहिर,
सत्तामा छँदा माखो नमार्ने धक्कु लाउन भने माहिर।

*बनेपा-९, काभ्रे*

# 'आँखा छोपी' (पुस्तक समिक्षा)



**सुप्रीम दाहाल**

मैले पढेको पुस्तकको नाम आँखा छोपी हो। यस पुस्तकको लेखक श्यामकृष्ण खुलिमुली हुनुहुन्छ। यो पुस्तक २०७३ साल पुसमा २०० प्रति कथालय इन्क, काठमाडौं नेपालले प्रकाशन गरेको हो। यो पुस्तकमा जम्मा १६ वटा पन्नाहरू रहेको छन्। यस्मा एउटा मात्र कथा चित्रसहित समावेश गरिएको छ। यो कथाको शिर्षक 'आँखा छोपी' रहेको छ।

यो किताबको आईएसबिएन नम्बर ९७८-९९३७-६६९-३६-८ हो। यो पुस्तक बालबालिकहरुका लागि मनोरञ्जनात्मक विषयमा लेखिएको छ। यो पुस्तक पढ्नलाई मलाई धेरै समय लागेन। यो पुस्तकमा भाषा वा शब्दहरु पढ्न र बुझ्न सजिलो छन्। यो पुस्तकमा धेरै कुराहरु भन्न खोजिएको छ। जस्तै हामीले अन्जानमा गरेको गल्तीलाई स्वीकार गरी माफ माग्नु पर्छ। माफी मागेर नै सम्बन्ध बलियो हुने, आपसमा मिलेर बस्न सकिने, साथी बनाउन सकिने कुराहरु र विभिन्न जनावरको बच्चालाई के भनिन्छ सबै कुराको ज्ञान पनि यस पुस्तकमा दिन खोजेको छ।

मलाई यस पुस्तकमा सबैभन्दा राम्रो लागेको पक्ष बाघको बच्चा डमरू जङ्गेलाई गल्तीले अरुलाई समातेर आँखा छोप्दा जङ्गे रिसाएको र पछि अरु साथीहरूले जङ्गे सँग माफी मागेर साथी बनेर सँगै खेलेको राम्रो लाग्यो। यो पुस्तक आफु भन्दा साना र आफुजस्तै साथीहरुलाई पढ्न सुझाव दिन चाहन्छु। यो पुस्तकको कथा ज्ञानवर्द्धक रहेकोले कथा पढ्न रुचाउने सबैका लागि यो पुस्तक पढ्न सल्लाह दिन चाहन्छु।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेन्डरी स्कुल, हेटौंडा-२*

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# पाईदैन कतैपनि



**पुरुषोत्तम पौडेल**

सत्य ज्ञान कस्तो हुन्छ देख्ने भित्र छ नेत्र त्यो
सत्यज्ञान सबको निम्ति, प्रेरणा दिने ज्ञान हो
अज्ञानी, स्वार्थी मानिस, खतरनाकमा गनिन्छन् नी
ज्ञानी निस्वार्थी मानिस पाइँदैन कतै पनि

आफूलाई वरिष्ठ छु भन्ने व्यक्ति संसारमा
अन्धकार छ उसको जीवन, मूल्य छैन त्यसको यहाँ
लाटा, काना र लङ्गडा, निमुखा, गरीब, धनी
समानता हुन्छन् भन्ने मानिस छैन कतै पनि

निको हुन्छ पुरै घाउ, काटेको हतियारले
निको हुँदैन कैल्यै चोट, छेडेको त्यो वचनले
समभाव जसले राख्छ, संसारमा त्यहि हो धनी
खोज्दा त्यस्तो धनी मान्छे, पाइँदैन कतै पनि

जनताबाट चुनिएर गएका सांसदहरु
ठुलै पद ओगट्ने, दाउमा छन् उनीहरू
प्रधानमन्त्री कुर्सीले, लाउँदो रहेछ मोहनी
यस्तो कुर्सी यहाँ मात्रै छ, छैन अन्त कतै पनि

संसारमा धेरै स्वार्थी, भएका छन् ठगीहरू
आँखामा छारो हाल्दैछन्, थाहा यिनै भस्महरू
स्वार्थी र कप्टी धेरै नै, यहाँ छन् लोभका धनी
निस्वार्थी यहाँ खोजेमा पाइँदैन कतै पनि

न्याय भन्दा ठूलो अर्को, पाइँदैन जगतभरी
अन्यायीहरूले धेरै गर्दछन् यहाँ मनपरी
भ्रष्टाचार र ठगीले, कमाउँछन् बन्दछन् धनी
यस्ता धनी खोज्नु पर्दैन, पाइन्छन् जहाँ पनि

मानिसको गुण, कर्म र स्वभाव हेरे पुग्दछ
सत्यज्ञानले सबैलाई, सत्यतिरै डोर्‍याउँछ रे
असत्यमार्ग जसले त्याग्छ, यहाँ ज्ञानी बनी त
त्यही मानिस ठहर्छ, संसारमा ज्ञानी भनी

ज्ञान र आत्मबल यहाँ, एक-अर्काका हुन् पूरक
ग्रहण गरे दुबैलाई, सबैमा बढ्छ साहस
ज्ञान र आत्म-बली यहाँ बलवान छँदै छ नि
ज्ञानी आत्मबल खोज्दा, पाइँदैन कतै पनि

व्यवहारमा जति चाहिन्छ, कमाउ श्रमले धन
शोषण र ठगीमा कैले, नलाउ आफ्नो मन
कमाई बचेको धन, सत्मार्गमा लगाउ तिमी
निस्वार्थी भावका मान्छे, पाइँदैन कतै पनि

आफ्नै समूहमा रम्छन्, पशुपंक्षीहरू यहाँ
जीवजन्तुहरु बस्छन्, चलेको समूहमा
चेतनशील प्राणी रे, कस्तो मानिसको जुनी
विवेक भएको मान्छे भेटिँदैन कतै पनि

मानिस यस्तो प्राणी हो, उसलाई निरन्तर
सुख आराम चाहिन्छ, खोजी गर्दैछ त्यो सब
के गर्दा सुख पाइन्छ, सोच्दा-सोच्दा उसको जुनी
बितेर गइसक्छ यहाँ पाउँदैन कतै पनि

कोहि गर्छन् धनको जोहो, कोहि महल ठड्याउन
लाग्दैछन् मरिमेटेर, जीवनमा सुख पाउन
इच्छा पूरा भयो उसको, तैपनि शान्ति छैन नि
सुख शान्ति पाएको मान्छे, भेटिँदैन कतै पनि

सुख पाइन्छ कि भन्ने, सोच विचार गरिकन
घर छोडी हिँडेका छन्, देश बिदेश गर्न भ्रमण
हिँड्दा-हिँड्दै संकटमा पर्दैछन् त्यहाँ तिनी
भेट्दैनन् मनमा शान्ति, सुख छैन कतै पनि

कसैको इच्छा हुन्छ यहाँ, ठुलो महल बनाउने
यहि महलको झ्यालमा, बसेर सुख पाउने
सोच्दा-सोच्दै दिमाग उसको, खल्बलिन थाल्छ
स्वच्छ दिमाग भएको मान्छे पाइँदैन कतै पनि

सयर गर्ने मनमा इच्छा, चिप्ला रंगीन गाडिमा
इच्छा मनमा हुनासाथै, कैल्यै मौका मिल्दैन यहाँ
पैसा र मौका खोज्दैमा, बित्दछ उसको जुनी
सयर गर्ने उसको इच्छा, पुरा हुन्न कहिलै पनि

जति चिन्ता गरे पनि, चिन्तैमा बित्छ जीवन
पाइँदो रैनछ यहाँ सुख शान्ति कुनै दिन
चिन्ता त्यागेर वास्तवमा, आनन्द सुख मिल्छनी
आनन्द मनमा लिनु, बस्नु सुख यहि हो भनी

लेख्ने विषय धेरै नै, पाइने रहछन् जहाँ त्यहीं रछन्
कविता लेख्दै जाँदामा तन्किन्छ रबर झैं
त्यसैले मैले अहिले, लेखन बन्द गरें भनी
कविता पढ्नु भन्दै, गर्दछु प्रार्थना पनि

*हेटौँडा-६, रामनगर*

# सुरक्षा निकायलाई विपद् खोज तथा उद्दार सामग्री हस्तान्तरण



*विपद् खोज तथा उद्दार सामग्री हस्तान्तरण गरिँदै।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारले विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि सुरक्षा निकायलाई सामग्री हस्तान्तरण गरेको छ। प्रदशेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तीनै तहका सुरक्षा निकायलाई विपद् उद्दार तथा राहत सामग्री हस्तान्तरण गरेको हो।

शुक्रबार एक कार्यक्रमका बीच आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले सुरक्षा निकायका प्रादेशिक संरचनाका प्रमुखलाई विपद् खोज तथा उद्दार सामग्री हस्तान्तरण गर्नुभएको हो। मन्त्री लामिछानेले नेपाली सेनालाई ५७ प्रकृतिका दुई सय ५२ वटा सामान, सशस्त्र प्रहरी बललाई ६२ प्रकृतिका एक सय ५२ वटा सामान र नेपाल प्रहरीलाई ५६ प्रकृतिका एक सय ६२ वटा सामान हस्तान्तरण गर्नुभएको हो।

सेनाका तर्फबाट सहायक रथी सुवासजंग थापा, सशस्त्र प्रहरी बलका नायव महानिरीक्षक गणेश ठाडा मगरलाई र नेपाल प्रहरीका प्रहरी उपरीक्षक राकेश सिंहलाई विपद् उद्दार तथा राहत सामग्री हस्तान्तरण गरिएको हो। सुरक्षा निकायलाई विपद्को खोज तथा उद्दारमा सवल र सक्षम बनाउन उक्त सामग्री हस्तान्तरण गरिएको मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिनुभएको छ।

प्रदेश सरकारका तर्फबाट तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले सुरक्षा निकायसँगको निरन्तर छलफल र समन्वय गरी विपद् खोज तथा उद्दारका लागि ती सामग्री पहिचान गरिएको सचिव दर्जीले बताउनुभयो। सचिव दर्जीका अनुसार ४१ प्रकृतिका दुई सय ५२ वटा सामान प्रदेश गोदामघरमा सुरक्षित राखिएको छ। ती सामग्री आवश्यकता अनुसार सुरक्षा निकाय र विपद्ग्रस्त क्षेत्रमा पठाइने उहाँको भनाई छ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री लामिछानेले विपद् व्यवस्थापनमा सम्बन्धित सबै निकायहरुले प्रभावकारी ढंगबाट काम गर्न निर्देशन दिनुभएको छ। उहाँले नागरिकको जीवन रक्षा सरकारको जिम्मेवारी रहेकाले त्यसतर्फ गम्भिर भएर काम गर्न उहाँले आग्रह गर्नुभयो। नागरिकलाई विपद्को समयमा सरकारले अभिभावकत्व प्रदान गर्नुपर्ने भएकाले सोही अनुसार मातहतका निकाय परिचालन गर्न पनि उहाँले आग्रह गर्नुभयो। मन्त्री लामिछानेले आगामी दिनमा सुरक्षा निकायसँगको समन्वयमा अझै परिस्कृत र उन्नत स्तरमा पुऱ्याउने बताउनुभयो।

## बोलेरो पल्टँदा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुलीको कमलामाई नगरपालिका-२, चियाबारीमा बोलेरो गाडी आफैँ अनियन्त्रित भई सडकमा पल्टँदा ३ जनाको मृत्यु भएको छ। बिहीबार बिहान ९ बजेर २२ मिनेटको समयमा बिपी राजमार्गअन्तर्गत गोलोन्जोर गाउँपालिका-६, नाकाजोलीबाट सिन्धुलीतर्फ आउँदै गरेको बा २० च ८२८३ नम्बरको बोलेरो अनियन्त्रित भई दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

दुर्घटना हुँदा गाडीमा सवार ३ जनाको मृत्यु भएको थियो भने ११ जना घाइते भएका थिए। मृत्यु हुनेमा गोलान्जोर गाउँपालिका-६, नाकाजोली बस्ने ४२ वर्षीय पृथ्वी भुजेल, ४५ वर्षीय उदय लुङ्गेली मगर र ३५ वर्षीय पवन मस्राङ्गी छन्। उनीहरुको उपचारको क्रममा जिल्ला अस्पताल सिन्धुलीमा मृत्यु भएको थियो। घाइतेमध्ये ६ जनालाई जिल्ला अस्पताल सिन्धुलीमा सामान्य उपचारपश्चात् थप उपचारका लागि धुलिखेल अस्पताल रिफर गरिएको र ५ जनाको जिल्ला अस्पताल सिन्धुलीमा नै उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

## बकैयामा ९ ए साइड फुटबल
# शुक्रबार तीन खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा जारी ९ ए साइड फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार तीन खेल सम्पन्न भएको छ। सिमातमाई डाँफे युवा क्लबको आयोजनामा बकैया-५ स्थित भडौरामा भइरहेको प्रतियोगितामा हात्तीसुँडे बी, न्यु हातेमालो एफसी र हात्तीसुँडे ए ले विजयी सुरुवात गरेको छ।

शुक्रबार भएको पहिलो खेलमा सुटर एफसीलाई १-० गोलले हराउँदै हात्तीसुँडे बी ले विजयी सुरुवात गरेको हो। हात्तीसुँडेको जीतमा तारा नेगीले निर्णायक गोल गरे।

यस्तै, दोस्रो खेलमा द योङ हात्तीखोलालाई ४-० गोल अन्तरले हराउँदै हातेमालोले विजयी सुरुवात गरेको छ। हातेमालोको जीतमा रोहन माझी र दीपेश माझीले दुई-दुई गोल गरे। तेस्रो खेलमा एफसी थलीलाई ५-० गोलअन्तरले हराउँदै हात्तीसुँडे ए ले विजयी सुरुवात गरेको हो। हात्तीसुँडेको जीतमा अभिषेक भोलनले दुई तथा सुजन गुरुङ, आयुश नेगी र शुभरत्न गोलेले समान १-१ गोल गरे।

प्रतियोगिताका कार्यक्रम सञ्चालक दीपेश घिमिरेका अनुसार प्रतियोगिताअन्तर्गत शनिबार पनि तीन खेल हुनेछ। शनिबारको पहिलो खेलमा उच्च शिखर एफसी र तीनतले एफसी, दोस्रो खेलमा अँधेरी एफसी र जीवनज्योति एफसी तथा तेस्रो खेलमा मानेडाँडा एफसी र बस्तीपुर एफसीबीच प्रतिस्पर्धा हुनेछ। भदौ ८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

## मउवा संघलाई अधिकृत बिक्रेता संघको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुर अधिकृत बिक्रेता संघले मकवानपुर उद्योग वाणिज्य (मउवा) संघलाई ध्यानाकर्षण गराएको छ। शुक्रबार अधिकृत बिक्रेता संघका अध्यक्ष अमीतकुमार श्रेष्ठले संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाललाई ध्यानाकर्षणपत्र बुझाएको हो। हेटौंडा उपमहानगरपालिकाले बढाएको करको दरविरुद्धको पाँचौं दिनको ऱ्यालीमा सहभागी हुने क्रममा संघका पूर्वसचिव तथा संस्थाका सदस्य राजदेव बानियाँलाई नगर प्रहरी प्रशासनले अभद्र व्यवहार गरेकोमा आपत्ति जनाउँदै ध्यानाकर्षणपत्र बुझाएको बताइएको छ। पूर्वसचिव बानियाँमाथि प्रहरी प्रशासनले हातपातसमेत गरेका कारणले घाइते भएर अस्पतालमा भर्ना हुनुपरेकोमा चिन्ता व्यक्त गर्दै उक्त कार्यप्रति घोर भर्त्सना गरिएको विज्ञप्तिमा उल्लेख छ।

## सुतेको ठाउँमा कुँवर मृत फेला

समाज संवाददाता

हेटौंडाः चितवनको भरतपुर महानगर पालिका-१२, राधाकृष्ण टोलमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ४३ वर्षीय रवीन्द्रसिंह कुँवर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

कुँवर बुधबार बेलुका आफ्नै घरमा खाना खाई सुतेकोमा बिहीबार बिहान ११ बजेको समयमा मृत फेला परेका थिए। अनुसन्धानको क्रममा कुँवरले सुगरको औषधी सेवन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ।

## शिक्षक संगठनद्धारा मन्त्रीलाई ध्यानाकर्षण
# खाजाको रकम ५० रुपैयाँ प्रस्ताव

समाज संवाददाता

हेटौँडाः नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती प्रदेश समितिले बागमती प्रदेशको सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाएको छ। नवनियुक्त मन्त्री श्रेष्ठलाई शुक्रबार मन्त्रालयमै पुगेर ज्ञापनपत्र बुझाउँदै संगठनले विद्यार्थी खाजाका लागि प्रतिविद्यार्थी १५ रुपैयाँबाट ५० रुपैयाँ पुऱ्याई विद्यालय तहका सबै विद्यार्थीलाई खाजाको व्यवस्था गर्न माग गरिएको छ।

संगठनका प्रदेश अध्यक्ष राजेन्द्र कुमार श्रेष्ठले बुझाउनुभएको १३ बुँदे ध्यानाकर्षणपत्रमा बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुलाई श्रम कानुनले तोके बमोजिमको न्यूनतम् पारिश्रमिक उपलब्ध गराउन, हालै सर्वोच्च अदालतको परमादेश बमोजिम शिक्षकको तलब पनि समायोजन गर्न, ट्रेड युनियन अधिकार बमोजिम शिक्षकका क्रियाकलापलाई दलगत गतिविधिको रुपमा अपव्याख्या गरी शिक्षकलाई तर्साउने काम बन्द गर्न पनि माग गरिएको छ।

एसईईको नतीजाको मात्रै विश्लेषण नगरी कक्षा ३, ५, ८ र १२ को वार्षिक परीक्षाको नतीजाको पनि व्याख्या र विश्लेषण गरी सरोकारवाला सबै पक्षलाई जिम्मेवार बनाउन, शिक्षकलाई मात्रै दोष नदिन, ऐनविपरित शिक्षकको सरुवा, कारवाही लगायतका गतिविधि बन्द गर्न, शिक्षक र विद्यालय कर्मचारीका लागि स्थानीय तहबाट थप गरिनुपर्ने तलब भत्ता थप गर्न पनि संगठनले माग गरेको छ। प्रदेशको सामाजिक विकास मन्त्रालयलाई विद्यालय शिक्षा बारेमा नीति निर्माण गर्दा राष्ट्रिय शिक्षक संगठनको प्रतिनिधित्वलाई सुनिश्चित गर्न, प्रदेशका विद्यालयमा बालमैत्री पूर्वाधार, खेलमैदान, कम्प्युटर, पुस्तकालय तथा ल्याबको उचित प्रबन्ध गर्न, पालिकामा कम्तिमा एउटा नमूना विद्यालय विकास गरी क्रमशः वृद्धि गर्दै लैजान संगठनले माग गरेको छ।

# हेटौंडा-१७ लाई बालमैत्री घोषणा गरिँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर वडा नम्बर १७ लाई आगामी शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ। शुक्रबार वडामा पत्रकार सम्मेलनको आयोजना गर्नुहुँदै वडाध्यक्ष तथा बालमैत्री स्थानीय सरकार वडा घोषणा मुल समारोह समिति संयोजक उद्धव सत्यालले कार्यक्रमबारे जानकारी गराउनुभयो।

वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरुमा अभ्यास गरी ५१ वटा सूचकहरुमध्ये ४८ वटा सूचकहरु एक सयप्रतिशत, एउटा सूचक ९८ प्रतिशत, एउटा सूचक ८१ प्रतिशत र एउटा सूचक ८० प्रतिशतसम्म नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अवस्थामा आइपुगेको वडाध्यक्ष सत्यालले बताउनुभयो। वडाभित्र १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २ हजार १ सय १० रहेकोमा वडालाई निकृष्ट बालश्रममुक्त र बाल विवाहमुक्त गराएको उहाँले बताउनुभयो। भविष्यमा वडा विकास र सञ्चालनको महत्वपूर्ण हिस्सा ओगटेको आजको बालबालिकाको क्षेत्रमा वडाले लगानी गर्नुपर्ने उहाँको भनाइ छ। यस आर्थिक वर्षमा वडाले बालबालिकाको क्षेत्रमा २० लाख रुपैयाँ बजेट विनियोजन गरेको वडा अध्यक्ष सत्यालले बताउनुभयो।

शुक्रबार वडा कार्यालयबाट बिहान १० बजे प्रभातफेरीसहित वडा परिक्रमापश्चात् नेपाल चौर टोल विकासको फुटसल हलमा घोषणा गर्ने तयारी छ। कार्यक्रममा वडा सदस्यहरु कृष्णबहादुर अधिकारी, उर्मिला चुनारा र नगर बाल सहजकर्ता सपना ढुंगानालगायतको उपस्थिति रहेको थियो।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
वागमती प्रदेश
हेटौंडा, मकवानपुर

**घर बहाल सम्बन्धी सूचना**

*प्रथमपटक प्रकाशित मितिः २०८१/०५/०१*

यस परिषद्को कार्यालय प्रयोजनका लागि तपसिल बमोजिमको घर बहालमा लिन आवश्यक परेकोले घर बहालमा दिन इच्छुक घरधनी/संस्थाबाट आफूले दिन चाहेको घरको मासिक बहाल रकम नेपाली रुपैयाँ (अंक र अक्षर दुबैमा खुलाई) यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय खुल्ने समय दिनको ५:०० बजेसम्ममा तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही यस परिषद्को कार्यालयमा प्रस्ताव पेश गर्नु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरूः**
१. घर हेटौँडा-४ हुप्रचौरको आसपास रहेको हुनुपर्नेछ।
२. घरमा कम्तिमा १० वटा उज्यालो कोठा र ५ वटा शौचालयको व्यवस्था हुनुपर्नेछ।
३. बिजुली, पानी र पार्किङको पर्याप्त सुविधा हुनुपर्नेछ।
४. प्रस्तावको साथमा बहाल दिने घरको फोटो, नक्सापास प्रमाणपत्र, जग्गाधनी प्रमाणपत्र, सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी, घरधनीको नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५. घर भाडामा लिने/नलिने सम्पूर्ण अधिकार परिषद्मा निहित रहनेछ।
६. प्रस्तावित मासिक दरमा प्रचलित कानुन बमोजिम बहाल कर समावेश भएको हुनुपर्नेछ।
७. परिषद्को आवश्यकतालाई ध्यानमा राखी उल्लेखित शर्तहरुमा थपघट गर्न सकिनेछ।
८. अन्य जानकारीका लागि परिषद्को कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क नम्बरः ९८४१५८६६३८ (कार्यालय प्रमुख)**

Admission Open !!!

+2 Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौंडा- सिटि कलेज (जेनिथ मावि)

हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ